**२०७८ साल माघ २६ गते बुधबारका दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ७३औं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

## निर्णय नं.१:

यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वय गर्ने ।

## निर्णय नं.२:

.राक्सिराङ्ग गाउँपालिकाको आयोजनामा सम्मुनत नेपाल र शान्ती भोलेन्टियर एसोसियसनको प्राबिधिक सहयोगमा गाउँपालिकाले तयार पारेको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुमोदन गर्दै शैक्षिक सत्र २०७९/०८० देखि यस गाउँपालिका भित्रका सबै विद्यालयहरुमा कक्षा ६ देखि ८ सम्म उल्लेखित पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने ।

## निर्णय नं. ३:

क)चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रमको तपसिलको शीर्षकलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार संशोधन गर्ने ।

तपशिल:

| सडक तर्फ: | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **साविक योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** | **संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** |
| १ | भूमिथुम जाने सडक स्तरीकरण, राक्सिराङ्ग-१ | ४,००,०००/ | भूमिथुम जाने सडक मर्मत तथा सरसफाई, राक्सिराङ्ग-१ | ४,००,०००/ |
| २ | कुचुर चर्च मर्मत रा ८ | १५०००० | शिखरडाँडा चर्च निर्माण रा ८ | १५०००० |
| ३ | मगेनी चर्च निर्माण रा ६ | २००,००० | मगेनी चर्च निर्माण रा ६ | ० |

ख) चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रममा पहिलो र दोस्रो प्राथमिकतामा परेका देहाय बमोजिमका कार्यकमहरुलाई तपसिलको शीर्षकलाई आगामी गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार संशोधन तथा थप गर्ने ।

तपशिल:

| प्राथमिकतामा रहेका कार्यकम तथा बजेट तर्फ संशोधन | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **साविक योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** | **संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण** | **विनियोजित रकम रु.** |
| १ | खोलाटार राम बहादुर टोल सडक निर्माण रा १ | ३,००,००० | खोलाटार राम बहादुर टोल सडक सरसफाई तथा निर्माण रा १ | ३,००,००० |
| २ | गोम्बोन भवन मर्मत रा ३ | ५,००,०००/ | गोम्बोन भवन मर्मत लावती रा ३ | ५,००,०००/ |
| ३ | गापा गणेश मन्दिर निर्माण रा ५ | ४,००,०००/ | पवित्र प्याङचे चर्च मर्मत रा ५ | ४,००,०००/ |
| ४ | सुनारीसौरा गुम्बा भवन निर्माण रा २ | ५,००,००० | चुर्लिङ खोला, हात्ति खोल्चा सडक स्तरीकरण रा २ | ५,००,००० |
| ५ | कालिका मन्दिर निर्माण रा ९ | ५,००,०००/ | कालिका मन्दिर प्रतिक्षालय निर्माण रा ९ | ५,००,०००/ |
| ६ | ज्ञान भुमि चर्च मर्मत रा ६ | ३,००,००० | ज्ञान भुमि चर्च मर्मत रा ६ | २,००,००० |



राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

... चन्द्र गर्तौला
... प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७ | क्याङ्ग्रे बराह मन्दीर निर्माण, राक्सिराङ्ग-९ | ५,००,०००/ | क्याङ्ग्रे बराह मन्दीर निर्माण, राक्सिराङ्ग-९ | १०,००,०००/ |
| ८ | पाम्बुङ्ग माने डाँडा सडक स्तरीकरण रा ८ | ४,००,०००/ | धुसा बगर सडक निर्माण तथा सरसफाई रा ८ | ४,००,०००/ |
| ९ | चाकावाङ्ग कर्कलिङ्ग सडक निर्माण रा ७ | ५,००,०००/ | चरिमारा कर्कलिङ्ग सडक मर्मत तथा निर्माण रा ७ | ५,००,०००/ |
| १० | रुन्चेवाङ्ग पेल्ट्रिक सेट निर्माण रा ९ | ५,००,०००/ | नरहरी मन्दिर खानेपानी तथा शौचालय मर्मत रा ९ | ५,००,०००/ |
| ११ | सिलिङ्गे ख्रीष्ट मण्डली निर्माण रा ६ | १,००,००० | सिलिङ्गे ख्रीष्ट मण्डली निर्माण रा ६ | ४,००,००० |
| १२ | विद्युत पोल भुमिदर्सी रा ५ | ४,००,०००/ | • भुमिदर्सी चर्च शौचालय मर्मत रा ५<br>• गोर्खो कुवा खानेपानी मर्मत रा ५ | २,००,०००/<br>२,००,०००/ |
| १३ | चेपाङ वस्ती सौर्य उर्जा कार्यक्रम रा ९ | ५,००,०००/ | कोखारी सामुदायिक योगा भवन निर्माण रा ९ | ५,००,०००/ |
| १४ | नेदुराङ्ग चर्च मर्मत रा ८ | २,००,०००/ | नेदुराङ्ग चर्च निर्माण रा ८ | २,००,०००/ |
| १५ | वाराङ्ग झो पु सडक निर्माण रा ६ | १०,००००० | वाङ्गराङ्ग झो पु सडक निर्माण रा ६ | १०,००००० |
| १६ | तान्द्राङ सौराङ्ग सडक रा ८ | ३,००,०००/ | तङरङ सौरा सडक रा ८ | ३,००,०००/ |
| थप तर्फ | | | | |
| १ | धुरु रिछायाँ हाईड्रोपावर मर्मत तथा कुलो निर्माण रा ९ | ६००००० | | |

ग) आ व २०७७।०७८ को स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सो आ व मा कार्य सम्पन्न हुन नसकी म्याद थप भई जिम्मेवारी सरेको तपशील बमोजिमका योजनाहरुको यस आ व को गाउँपालिकामा प्राप्त हुने स्रोतबाट भुक्तानी हुने गरी बजेट व्यवस्था गर्ने ।

- दुंगु गोराङ्दी सडक निर्माण रा ४ रकम रु २०,००,०००।
- गार्खा रतुवा सडक निर्माण रा ४ रकम रु २०,००,०००।

## निर्णय नं. ४:

चालु आ.ब. २०७८/०७९ को स्विकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार सम्झौता भई भुक्तानी हुन बाँकि योजनाहरुको भुक्तानी गर्ने म्याद २०७८ माघ मसान्त सम्म रहेकोमा कोरोना महामारीका कारण भुक्तानी हुन बाँकि योजनाहरुको म्याद २०७८ फागुन मसान्त सम्म थप गर्ने साथै नया योजनाहरुको हकमा २०७८ फागुन मसान्तसम्म सम्झौता गर्ने म्याद थप गर्ने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ५:

बहुसंख्यक तामाङ जातीहरुको बसोबास रहेको यस गाउंपालिकामा मिति २०७८/१०/१९ गते तामाङ जातीहरुको महान पर्व सोनाम ल्होसारको अवसरमा राक्सिराङ्ग गाउँपालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय, अन्तर्गतका कार्यालय एवं शिक्षण संस्थाहरुमा मिति २०७८/१०/१९ देखि मिति २०७८/१०/२१ सम्म ३ दिन दिइएको स्थानीय बिदा अनुमोदन गर्ने ।

## निर्णय नं. ६:

राक्सिराङ्ग गाउँपालिकाको छात्रबृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ लाई स्वीकृत गर्ने ।

## निर्णय नं. ७: (विविध)

(क) पूर्वाधार विकास समितिका तत्कालिन सदस्य-सचिव (ईन्जिनियर) श्री शर्मिला पौडेल सरुवा भई गएकाले उक्त समितिको सदस्य-सचिवमा सव-ईन्जिनियर श्री शान्तनु टिबडेवाललाई तोक्ने ।

(ख गाउँपालिकालाई नविनतम सूचना प्रविधिसँग जोडि आधुनिक विद्युतिय सुशासन प्रदान गर्ने उद्देश्यले गाउँपालिकाले शुरुवात गरेको डिजिटल प्रोफाइललाई पूर्णता दिन स्थानीयस्तरमा आवश्यक तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि रु. ५,००,०००/ बजेट विनियोजन गर्ने ।

(ग) राक्सिराङ्ग गाउँपालिका यूवा तथा खेलकुद विकास समितिको आयोजनामा मिति २०७८ फागुन २२ गतेबाट वडा स्तरीय पुरुष भलिबलका र व्याडमिन्टन प्रतियोगीताको लागि सहयोग माग भई आएको सम्बन्धमा षुरुष भलिबलका अतिरिक्त महिला भलिबल समेत समावेश गरी कार्यक्रम सञ्चालन गर्न रु ७००,००० (सात लाख) मात्र उपलब्ध गराउने ।

(घ) नेपाल आदिवासी जनजाती समन्वय समिति, राक्सिराङ्गको आयोजनामा मिति २०७८/११ ०९ गते देखि ५ दिने उदघोषण तालिमको लागि रु. २००००० (दुई लाख) मात्र कार्यक्रम सहयोग उपलब्ध गराउने ।

(ङ) यस गाउँ कार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्नुपर्ने भएकोले सोको लागि रु. ५,००,०००/ बजेट विनियोजन गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ, मकवानपुर
बागमती प्रदेश, नेपाल

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत